नगर-सभाको बैठकमा २०७८ साल असार १० गते नगर प्रमुख
श्री संजिव कुमार साहज्यू द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट

भँगहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भँगहा, महोत्तरी
प्रदेश नं. २, नेपाल
२०७८।०३।१०

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, संस्कृतिर पूर्वाधार : आत्मनिर्भर, समुन्नत र समृद्ध भंगहा निर्माणको आधार"

# भंगहा नगरपालिकाको आठौं नगरसभामा पेश भएको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम र बजेट

सम्मानित नगरसभाका सदस्य ज्यूहरु,
आदरणीय जेष्ठनागरिक एवं नागरिक समाज, संचारकर्मि मित्रहरु, भंगहा नगरबासिहरु र नगरविकासको कार्यमा अहोरात्र खटिरहनु भएका सम्पूर्ण राष्ट्रिय सेवक कर्मचारी मित्रहरु ।

१. यस भँगहा नगरपालिकाको सम्मानित नगरसभामा चालू आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनको स्मरण गर्दै लोकतन्त्रको स्थापनार्थ प्राण आहुति दिने शहीदहरुको त्याग र बलिदानको उच्च सम्मान गर्दछु । साथै विभिन्न चरणका आन्दोलनका क्रममा घाईते भई शारीरिक तथा मानसिक रुपमा अशक्त हुनु भएका महानुभावहरु प्रति हार्दिक सहानुभूति प्रकट गर्दै उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

२. जनताको सबै भन्दा नजिकको सरकारको रुपमा रहने स्थानीय सरकार प्रति जनअपेक्षा धेरै रहनु स्वभाविक नै हो । आजको आठौं नगर सभा सम्म आइपुग्दा यस नगरपालिकाको विकास तथा सम्वृद्धिका लागि हातमा हात साथमा साथ दिनु हुने नगर सभाका सदस्य ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, विभिन्न समितिका सदस्य ज्यूहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । साथै स्थानीय तहमा अनेक चुनौतीका वावजुद आफ्नो व्यक्तिगत स्वार्थ र जीवन भन्दा माथि उठेर राष्ट्रिय स्वार्थ र आवश्यकताको लागि अहोरात्र खटिनुभएका, राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

३. यस नगरपालिकामा विद्यमान भौगोलिक एवं साँस्कृतिक विविधता, कृषि योग्य भूमिको प्रचुरता, कला सँस्कृति,प्राकृतिक श्रोतको उपलब्धता जस्ता विशिष्टताहरुको समुचित उपयोगद्वरा समग्र नगरवासीहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउन यो नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमले महत्वपूर्ण योगदान दिने विश्वास लिएको छु ।

४. बिकासको दृष्टिकोणले यस भंगहा नगरपालिका निकै पछाडी रहेको छ । मानव विकास सूचांकमा समेत हाम्रो नगरपालिकाको अवस्था दयनीय रहेको छ । अति विपन्न र दलित समुदायको अत्यधिक जनसंख्या रहेकोले हाम्रो विकासका कार्यक्रम अति विपन्न र दलित समुदायको जीवनस्तर माथि उठाउन केन्द्रित गर्नुपर्ने देखिन्छ । कृषि क्षेत्रको विकासको प्रचुर सम्भावना भएतापनि यस क्षेत्रलाई व्यावसायिकरण गर्न सकिएको छैन भने बजारीकरणको समस्या पनि त्यत्तिकै मात्रामा रहेको छ । शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि नगरपालिकाको पर्याप्त पहुँच पुग्न सकेको छैन । भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा भएका हाम्रा प्रयासले केही उपलब्धि देखिए पनि पर्याप्त मात्रामा भौतिक पूर्वाधार निर्माण गर्न सकिएको छैन । उर्वर कृषि भूमि यस क्षेत्रको अत्यधिक संभावना बोकेको क्षेत्र हो जसको उपयोगद्वारा नगरवासीलाई आत्मानिर्भर बनाउनुपर्ने आजको आवश्कता हो । त्यसै गरि फलफूल खेती पनि यस क्षेत्रका जनताको आयआर्जनको राम्रो श्रोत भएकोले यस क्षेत्रको विकासमा ध्यान दिन जरुरी रहेको छ । पशुपालन व्यावसायबाट नगरवासीलाई आर्थिक आत्मानिर्भर बनाउने अर्को महत्वपूर्ण क्षेत्र भएकोले यसको निकासमा समेत प्रयास गरिने छ ।

५. भँगहा नगरपालिकाका लाई समृद्द, समुन्नत बनाउन थुप्रै चुनौति हरु रहेका छन् । त्यसमा पनि विश्वलाई आक्रान्त बनाइएको कोरोना भईरस (COVID-19) का कारण थप चुनौती थपिएको अवस्था छ । एका तिर नगर पालिकाको नियमित रुपमा उपलब्ध गराउनु पर्ने सेवा, प्रभावकारी बनाउनु पर्ने छ भने अर्को तर्फ कोरोना भईरस (COVID-19) बाट सम्पूर्ण नगरवासिलाईसुरक्षित राख्ने नगरपालिकाको दायित्व रहेको छ । आफ्नो क्षेत्रको विकास आफैं गर्ने तथा आफूलाई आवश्यक कानून आफैं तर्जुमा गर्ने प्राप्त अधिकारहरुलाई संस्थागत गर्दै नगरपालिकाबासीहरुको अपेक्षा अनुरुप नगरपालिकाले सेवा प्रवाह गर्न, विकास निर्माण गर्न, घरदैलोमा सरकारको उपस्थितिको प्रत्याभुति गराउन अझै विभिन्न कठिनाईहरु विद्यमान रहेका छन् ।यी समग्र पक्षहरुलाई दृष्टिगत गरी आगामी आ. व. २०७८/०७९ को नीति, कार्यक्रम र बजेट तयार गरिनेछ ।

६. नगरको विकास जनप्रतिनिधिको एक पक्षिय प्रयासले मात्र संभव हुन सक्दैन । नगरवासीहरुको विकास प्रक्रियामा सक्रिय र अर्थपूर्ण सहभागिताले मात्र हामीले परिकल्पना गरेको "आत्म निर्भर समुन्नत र समृद्ध भंगहा" निर्माण संभव हुनेछ । विकास कार्यक्रममा श्रोतको सदुपयोग गराउन र गुणस्तरीयता कायम गर्न सम्पूर्ण नगरवासीहरुको सक्रिय सहभागिता आवश्यक हुन्छ । यसको लागि म सम्पूर्ण नगरवासीहरुमा जागरुक र सचेत रहन हुन अनुरोध गर्न चाहन्छु ।

७. भँगहा नगरपालिकालाई संमृद्द, समुन्नत बनाउन आज हामि यस गरिमामय सम्मानित नगर सभामा उपस्थित भएका छौं ।यस भँगहा नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट प्राथमिकिकरण तथा तर्जुमा गर्दा नेपालको संविधानको अनुसुची ८ र ९, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रम, नेपालको संविधानमा रहेको राज्यका नीति तथा निर्देशक सिद्दान्त, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकारबाट प्राप्त वित्तीय समानिकरणलगायतका अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदानहरुको पुरा सदुपयोग गर्ने प्रयास गरिनेछ । स्थानीय स्तर बाट प्राप्त हुनसक्ने अनुमानित आय मा टेकेर नै नेपाल सरकारले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिवद्वताहरु, दिगो विकास लक्ष्य, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आगामी बर्षका लागि बजेट तर्जुमा पठाइएको मार्ग दर्शन, स्थानीय तहका गठित विषयगत समितिले गरेको सिफारिस तथा सुझाव, क्षेत्र गत नीति, रणनिति, बिगत बर्षमा संचालित योजनाहरु बाट आर्जन भएको ज्ञान र अनुभव एवं जन प्रतिनिधिहरुले चुनावको समयमा घोषणा पत्रमा गरिएका प्रतिवद्धता आम नागरिकहरुको सुझाव, आम भँगहाबासीको अपेक्षा समेतलाई हृदयङ्गम गरी यस सम्मानित नगरसभामा यो नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको छु ।

सम्मानित नगरसभाका सदस्य ज्यूहरु,

अब म यस गरिमामय नगरसभामा यस भँगहा नगरपालिकाले आ.व. २०७७।०७८ सालको जेष्ठ मसान्त सम्मकोमुख्य मुख्य उपलब्धिहरु प्रस्तुत गर्न चाहन्छु ।

## आ.ब.२०७७/७८ मा भएका मुख्य मुख्य उपलब्धिहरु:-

१. वडा नं. १.३ र ४ मा स्वास्थ्य संस्था केन्द्र भवनको बोल पत्र मार्फत निर्माण सम्मपन्न हुने चरणमा छन ।
२. वडा नं. ७ मेघनाथ गोहन्नामा स्वास्थ्य केन्द्रमा Birthing Centre सन्चालनमा ल्याइएको छ ।
३. वडा नं. ३, ४, ५ ६ र ७ मा सिचाईका लागि कृषि विधुतिकरण विस्तार गरिएको ।
४. वडा नं १ देखि ९ (सबै वडाहरु) मा ग्राभेल तथा PPC ढलान लगायतका बाटो निर्माणको काम भएको ।
५. आन्तरिक राजश्व संकलनलाई बढाउन नदिजन्य पदार्थको उत्खन्न तथा बिक्रि वितरण गर्न ठेक्का लगाईएको र सो बाट कुल २ करोड ४४ लाख नगरपालिकाको आन्तरिक आय आर्जन हुनेछ ।

६. सामाजिक सुरक्षा भत्ता बैंकिंग प्रणाली मार्फत (बलबालिकाको बाहेक) भुक्तानी दिन २८६० जना लाभग्राहीहरुको खाता खोली बैंक मार्फत भुक्तानि दिन थालिएको छ ।

७. Birthing Centre र COVID Hospital का लागि आवश्यक पर्ने स्टाफ नर्स, अ.न.मि. र का.स. प्रतिस्प्रधात्मक परिक्षा संचालन गरि सेवा करार मा लिईएको ।

८. वार्ड नं.७ मा झुलुङ्गे पुल निर्मान गर्न स्थानीय उपभोक्ता समिति गठन भएको स्टिल पार्टसहरु खरिद गर्न टेण्डर समेत भइसकेको छ ।

९. वडा मार्फत हुने कामलाई डिजीटाइजेशन गर्नका लागि सबै वडा (९ वटै) वडाका लागि Computer, Printer लगायतका सामानहरु बोलपत्र मार्फत खरिद गरि सम्बन्धित वडा कार्यालयहरुलाई हस्तान्तरण गरिएको छ ।

१०. नगर क्षेत्र भित्र रहेका १५४ वटा व्यवसाय दर्ता गरि प्रमाणपत्र दिईएको छ, यस बाट नगर भित्रका व्यवसायि र नगर सरकार बीच एक नयाँ सम्बन्ध स्थापित भएको छ ।

११. क्रसर उद्योगहरुलाई नगरपालिकामा दर्ता गरि सचालन गर्ने प्रक्रियामा ल्याइएको ।

१२. १५ वटा कानून तथा कार्यविधिहरु राजपत्रमा प्रकाशन गरि Web site मा राखिएको छ ।

१३. नगर क्षेत्रका विविन्न बिद्यालयहरुमा शौचालय निर्माण गरिएको छ ।

१४. बिभिन्न वडाहरुमा खानेपानीको लागि ट्युबेल जडान गरिएको छ ।

१५. नगरँपालिकाको मासिक रु.५७ हजार बराबरको व्यय भार कम हुने गरि नगर प्रमूख ज्यूले निःशुल्क रुपमा उपलब्ध गराउनुभएको २ वटा भवन मार्फत नगरपालिको दैनिक काम संचालन भै रहेको छ ।

१६. नगरलाई उज्यालो बनाउने अभियान अन्तर्गत सोलार बत्ति र टावर लाइट जडान कार्य निरन्तर चलिरहेको छ ।

१७. नेपाल आर्मी र नेपाल APF लगायत राष्ट्रिय स्थरका टिमको सहभागीतामा मेयर कप फुटबल २०७७ सफलता पुर्वक सम्पन्न भएको छ ।

१८. १०० जना भन्दा बढीलाई अपाङ्गता परिचय - पत्र वितरण भएको छ ।

१९. बिभिन्न स्थानमा सामुदायिक भवन निर्माण भएका छन् ।

२०. मन्दिर, मस्जिद लगायत धार्मिक स्थलहरुको निर्माण गरिएको ।

२१. १६ वटा खोप केन्द्रहरुमा फर्निचरको व्यवस्था गरिएको छ ।

२२. टेण्डर मार्फत औषधि खरिद भइ सबै स्वास्थ्य केन्द्रहरुमा पठाई सकिएको छ । खोपको भ्याक्सिन भण्डार गर्ने व्यवस्था समेत मिलइएको छ । कविलासामा स्वास्थ्य केन्द्र थप भएको छ ।

२३. उद्योग वाणिज्य संघ गठनका लागि जलेश्वर उद्योग वाणिज्य संघका पदाधिकारीहरु समेतको उपस्थितिमा व्यापारिहरु संग अन्तरक्रिया सम्पन्न भएको छ ।

राजीव कुमार साह
प्रमुख

त्यसैगरी अब म, यस भंगाह नगर पालिकाले लिएको सोच, लक्ष्य उद्देश्य र प्राथमिकताका क्षेत्रलाई पनि यहाँ हरु सम्क्ष राख्न गई रहेको छु ।

- आगामी २ बर्षमा आत्मनिर्भर, समुन्नत र स्वस्थ समृद्ध भंगहा निर्माणको आधार तयार गर्ने, सोचका साथ शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि, कृषिमा आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरण, पर्यटन प्रवर्द्धन, संस्कृति संरक्षण र पूर्वाधारको विकास मार्फत भंगहा नगरपालिका लाई आत्मनिर्भर, समुन्नत र समृद्ध बनाउने लक्ष रहेको छ ।

उपस्थित सभासद ज्यूहरु,

अब म यस गरिमामय नगरसभामा भँगहा नगरपालिकाले आ.व. २०७८।०७९ मा अख्तियार गर्ने नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

८. मुलभूत नीति तथा कार्यक्रमः

१. स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानुनहरु निर्माण गर्ने ।
२. आ. व. २०७८/७९ मा "एक वडा, एक गुणस्तरीय स्वास्थ्य संस्था" निर्माण गर्ने ।
३. सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाइने समावेशी र सहभागितात्मक विकास गरिने ।
४. कृषिको आधुनीकिकरण र व्यवसायीकरण गर्दै कृषिमा आत्मनिर्भर अर्थतन्त्र बनाउने ।
५. नतिजामा आधारित (Result Oriented) विकास गर्ने ।
६. कृषि उपज र फलफूलको उत्पादन तथा बेचबिखनको नर्सरीको स्थापना तथा बजारीकरण गर्ने।
७. भौतिक पूर्वाधारहरुलाई गुणस्तर र प्रभावकारी बनाउने ।
८. बालविवाह तथा बालश्रम न्यूनिकरण गर्ने ।
९. बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने ।
१०. प्राविधिक तथा व्यावसायिक शिक्षालाई क्रमशः विस्तार गर्ने ।
११. नगरपालिकाको स्वमित्वमा रहेका सम्पत्तिको सुरक्षा, मर्मत तथा संभारगर्ने ।
१२. यस नगरपालिका अन्तर्गत बसोबास गर्ने विपन्न, दलित परिवार तथा अपाँग मध्येबाट SEE परीक्षामा उत्कृष्ट अँक ल्याई उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई सम्मान गर्ने छ ।
१३. खेलकुद क्षेत्रको आवश्यक पूर्वाधार तयार गर्ने ।
१४. नगरपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुको गठन गरी सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी बनाउने ।
१५. "मुस्कान सहितको सेवा" (Service With Smile) को नीति लिइनेछ ।
१६. सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्कालैसुनुवाई (Rapid Response) गर्ने व्यवस्था गरिनेछ ।
१७. एकद्वार सेवा प्रवाह प्रणाली (One Door System) अपनाइनेछ ।
१८. नागरिक सहभागितामा वडाको विकासको नीति लिईने ।
१९. सम्झौता बमोजिम काम नगर्ने कम्पनि, ठेकेदार, निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुलाई कानुनको दायरमा ल्याइने छ ।

संजिव कुमार साह
प्रमुख

उपस्थित सभासद ज्यूहरु,

अब म यस गरिमामय सभामा गत आ.व. २०७६/७७ को यथार्थ आय र व्यय, चालु आ.व. २०७७/७८ को संशोधित अनुमान र आगामी आ.व. २०७८/०७९ को अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्न गइरहेको छु ।

आ.व. २०७६/७७ को यथार्थ आय र व्ययको विविरणको चर्चा गर्नु पर्दा पूँजिगत तर्फ कुल आय रु. २२ करोड ३८ लाख ४५ हजार विनियोजित भएकोमा १८ करोड ८ लाख ८० हजार ६ सय ७७ रुपैया ८७ पैसा खर्च भएको छ । त्यस्तै चालु तर्फ कुल ३३ करोड ९ लाख ९७ हजार ६सय ८३ रुपैया विनियोजन भएकोमा २७ करोड ९ लाख २१ हजार ५ सय ४३ रुपैया १९ पैसा यथार्थ खर्च भएको छ ।

त्यसैगरी चालु आ.व. २०७७/७८ मा पूँजिगत तर्फ कुल आय रु. २३ करोड ६१ लाख ८१ हजार विनियोजन भएकोमा जेष्ठ मसान्त सम्म १३ करोड ८६ लाख ८४ हजार ६ सय १५ रुपैया खर्च भएको छ । चालु तर्फ कुल २७ करोड ५० लाख १० हजार ८ सय ४० रुपैया विनियोजन भएकोमा १६ करोड ९४ लाख ६७ हजार ४ सय ९२ रुपैया खर्च भएको छ । यथार्त खर्चको विवरण आर्थिक वर्षको समाप्ति पछि आगामी वर्षमा अगाडी सारिने छ ।

आगामी आ.व.२०७८/०७९ को बजेटका निम्न उदेश्यहरु रहेका छन ।

क. आत्मनिर्भर भंगहा नगरपालिका वनाउने ।
ख. सवै खेती योग्य जमिनमा सिचाई सुविधा उपलब्ध गराई कृषि उत्पादन वढाउने ।
ग. कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरण गरि रोजगारी सिर्जना गर्ने ।
घ. व्यावसायिक पशुपालनलाई प्रवर्द्धन गर्ने ।
ङ. गुणस्तरीय शिक्षा सवै नगरवासीको सहज पहुच पुर्याउने ।
च. पूर्वाधार निर्माणमा दिगोपना सुनिश्चित गर्ने ।
छ. हासिल भएका उपलब्धीहरुलाई सामाजिक न्यायको सिद्दान्त अनुसार वितरण गरिने ।
ज. सवै नगरवासीलाई सहज सडक यातायात सुविधा उपलब्ध गराउने ।
झ. सबै नगरवासीलाई आधारभूत स्वास्थ्य सुविधा उपलब्ध गराई स्वस्थ नगरपालिका बनाउने ।

आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट तर्जुमा गर्दा देहायका क्षेत्रलाई प्राथमिकता दिइएको छ ।

१. उद्यमशिलता विकास र रोजगारी सिर्जना,
२. रोजगारमुखि समावेशी र दिगो आर्थिक विकास,
३. पिछडीएको तथा विपन्न समुदायको उत्थान र विकासको लागि विशेष कार्यक्रम,
४. कानुन निर्माण,
५. भौतिक पूर्वाधार र आर्थिक विकास,
६. सामाजिक न्याय कायम गरिने,
७. ऐतिहासिक एवम् धार्मिक संस्कृतिक धरोहरहरुको संरक्षण र प्रवद्धन,
८. कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायिकरण र बजारीकरण,
९. सार्वाजानिक सेवा प्रवाहमा सुधार, सुशासन तथा पारदर्शिता,
१०.शिक्षामा सबैको सहज पहुच,
११.बालबालिकाको हित संरक्षण एवम् महिला सशक्तीकरण र क्षमता विकास,
१२.स्वास्थ्य पूर्वाधार निर्माण र महामारी रोग नियन्त्रण,
१३.विपद व्यवस्थापन र वातावरण संरक्षण,

१४.खेती योग्य जमिनमा पूर्ण रुपमा सिचाई,

१५.फलफुलखेतीप्रवर्द्धन र उत्पादित फसलको बजारीकरणको लागि ध्यानमा राखिने छ ।

सम्मनित सभाका सदस्यज्यूहरु,

आगामी आर्थिक बर्ष २०७८/७९ को लागि जम्मा रु. ५२ करोड ७१ लाख २७ हजार ३ सय ३४ रुपैया को आय र सो रकम बराबर व्यय को अनुमानित विवरण यँहाहरु समक्ष पेश गरेको छु । जसको शिर्षकगत रुपमा आम्दानी र खर्चको विवरण निम्न वमोजिम प्रस्तुत गरेको छु ।

तपशिलः-

आय तर्फ

| शिर्षक | अनुमानित आय रु. |
|---|---|
| क. संघीय सरकारबाट प्राप्त अनुदान | |
| १. वितिय समानीकरण अनुदान(२६३३१) | १३,६३,००,०००।- |
| २. सशर्त अनुदान (२६३३२) | २१,७३,००,०००।- |
| ३. विशेष अनुदान (२६३३३) | |
| ४. समपुरक अनुदान (२६३३४) | |
| ५. राजस्व बाँडफाड | ९,४६,२४,०००।- |
| जम्मा | ४४,८२,२४०००।- |
| ख. प्रदेश सरकारबाट प्राप्त अनुदान | |
| १. समानीकरण अनुदान | ९३८९०००।- |
| २. राजस्व बाँडफाड | ४५१४३३४।- |
| ३. सशर्त अनुदान | १,००,००,०००।- |
| ४. समपुरक अनुदान | २०,००,०००।- |
| ५. विशेष अनुदान | ३०,००,०००।- |
| जम्मा | २८९०३३३४।- |
| ग. आन्तरिक श्रोत<br>अनुमानित | ५,००,००,०००।- |
| कुल जम्मा बजेट | ५२,७१,२७,३३४।- |

मिति २०७८/०३/१० गते विहिबार रोज शुभम् ।

धन्यवाद, नमस्कार ।

राजित कुमार साह
प्रमुख